# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, साउन ३१ गते २०५१ साल (अतिरिक्ताङ्क २० (घ)

## भाग ३

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

विद्युत् ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाएका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम विद्युत महसुल निर्धारण (दोश्रो संशोधन) नियमावली, २०५१ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ६ मा संशोधनः विद्युत् महसुल निर्धारण नियमावली, २०५० को नियम ६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) ऐनको दफा १७ को उपदफा (३) बमोजिम आयोगले विद्युत् महसुल र अन्य दस्तुरहरू निर्धारण गर्दा ह्रास कट्टी दर, उपयुक्त लाभ संरचनाको संचालन तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन, रोयल्टी, विद्युत् विकासको सम्बन्धमा श्री ५ को सरकारले अपनाएको नीति आदिको आधारमा निर्धारण गर्नेछ । यसरी निर्धारण गर्दा आयोगले विद्युत् उत्पादनको सीमान्त लागत (मार्जिनल कष्ट) परिवर्त्य विदेशी मुद्राको विनिमय दर, विद्युत् उत्पादनको लागि प्रयोग हुने इन्धनको मूल्य तथा अनुमतिपत्र प्राप्त व्यक्ति र सम्बन्धित विद्युत् आयोजनामा ऋण प्रदान गर्ने वा पूँजी लगानी गर्ने वित्तीय संस्था बीच भएको वित्तीय सम्झौतासमेतलाई आधार लिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकार आफैंले वा श्री ५ को सरकारको पचास प्रतिशतभन्दा बढी शेयर पूँजी लगानी भएको संगठित संस्थाले विद्युत् सेवा उपलब्ध गराए वापत लिने विद्युत् महसुल तथा अन्य दस्तुर निर्धारण गर्दा आयोगले श्री ५ को सरकार तथा त्यस्तो संस्थाले सम्बन्धित विद्युत् आयोजनाको लागि वित्तीय संस्थासित गरेको वित्तीय सम्झौताको पालना हुने गरी विद्युत् महसुल तथा अन्य दस्तुर निर्धारण गर्नेछ। विद्युत् उत्पादनको लागि प्रयोग हुने इन्धनको मूल्यमा परिवर्तन भएमा श्री ५ को सरकार वा त्यस्तो संस्था आफैंले सो अनुरूप विद्युत् महसुलमा परिवर्तन गर्ने गरी आयोगले त्यस्तो इन्धनको मूल्य परिवर्तनको अनुपातमा विद्युत् महसुलको दर परिवर्तन गर्ने उपयुक्त सूत्र (फमुला) समेत निर्धारण गरी दिनेछ।"

आज्ञाले,
सूर्यनाथ उपाध्याय
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।